वर्ष ५, अङ्क ३, २०८२ माघ (December 2025-January 2026)

नेपाल बीमा प्राधिकरणको त्रैमासिक प्रकाशन

# बीमा समाचार

## अध्यक्ष पौडेलबाट पदभार ग्रहण



नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेल कार्यभार सम्हाल्नुहुँदै ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष चन्द्रकला पौडेलले यही २०८२ साल माघ १३ गते प्राधिकरणमा अध्यक्षको कार्यभार सम्हाल्नुभएको छ ।

यसअघि, अर्थमन्त्री रामेश्वरप्रसाद खनालले अध्यक्ष पौडेललाई पद तथा गोपनीयताको शपथ गराउनुभएको थियो ।

नेपाल सरकार, मन्त्रिपरिषद्‌को मिति २०८२ साल माघ १२ गतेको बैठकले अर्को व्यवस्था नभएसम्मका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका सचिव चन्द्रकला पौडेललाई नेपाल बीमा प्राधिकरणको अध्यक्षको कामकाज गर्ने गरी जिम्मेवारी दिने निर्णय गरेको हो ।

अध्यक्ष पौडेललाई यही २०८२ साल माघ १३ गते नेपाल बीमा प्राधिकरणमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी र निर्देशकहरू लगायत कर्मचारीहरूले स्वागत गर्नुभएको थियो ।

संरक्षक

श्री चन्द्रकला पौडेल, अध्यक्ष

सल्लाहकार एवम् संयोजक

श्री सुशीलदेव सुवेदी, कार्यकारी निर्देशक

सम्पादन समूह

श्री पुजन ढुङ्गेल (अधिकारी), निर्देशक

श्री कुन्दन सापकोटा, निर्देशक

श्री पुष्पा कुँवर, उपनिर्देशक

श्री गोविन्द चिमौरिया, प्रेस सल्लाहकार

प्रकाशक

नेपाल बीमा प्राधिकरण

कुपण्डोल, ललितपुर ।

फोन: ०१-५४२१०७९, ५४३८७४३, ५४२८६०४

Email:info@nia.gov.np, Web: www.nia.gov.np

# नेपाल बीमा प्राधिकरणमा सञ्चालक सदस्य नियुक्त



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा, संचालक सदस्य,
कार्यकारी निर्देशक र निर्देशकहरूले नवनियुक्त संचालक सदस्य पाण्डेयलाई प्राधिकरणमा स्वागत गर्नुभएको जियो ।

नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०८२/०९/११ को मन्त्रीस्तरीय निर्णयबाट नेपाल सरकारको पूर्वसचिव श्री गणेश प्रसाद पाण्डेयलाई नेपाल बीमा प्राधिकरणको सञ्चालक सदस्यको रूपमा नियुक्त गरेको छ । पाण्डेयलाई नेपाल सरकारले प्राधिकरणको जीवन बीमा व्यवसायतर्फको विज्ञ सदस्यको रूपमा नियुक्त गरेको हो ।

नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा, संचालक सदस्य, कार्यकारी निर्देशक र निर्देशकहरूले नवनियुक्त संचालक सदस्य पाण्डेयलाई प्राधिकरणमा स्वागत गर्नुभएको जियो । प्राधिकरणको बीमा ऐन २०७९ को दफा ६ बमोजिमको सञ्चालक समितिमा ५ सदस्यीय रहने व्यवस्था रहेको छ ।

## विद्यालय तहको पाठ्यपुस्तकमा बीमा शिक्षाका विषयवस्तु सम्बन्धी अन्तरक्रिया

# विद्यालय तहका पाठ्यपुस्तकमा बीमा सम्बन्धी विषयवस्तुहरू समावेश गर्नु आवश्यक छ : अध्यक्ष शर्मा

नेपाल बीमा प्राधिकरणद्वारा यही २०८२ साल पुस १९ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा विद्यालय तहको सामाजिक अध्ययन विषयका पाठ्यपुस्तकहरूमा समावेश गरिने बीमा शिक्षा सम्बन्धी विषयवस्तुका बारेमा पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र सामाजिक अध्ययन



नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्मा विद्यालय तहको पाठ्यपुस्तकमा बीमा शिक्षाका विषयवस्तु सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।




**शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेल विद्यालय तहको पाठ्यपुस्तकमा बीमा शिक्षाका विषयवस्तु सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।**

विषयका विषय समितिका पदाधिकारीहरू, विज्ञ तथा लेखकहरूसँग अन्तरक्रिया एवम् छलफल कार्यक्रम आयोजना गरिएको छ ।

विद्यालय तहमा अनिवार्य विषयका रूपमा रहेको सामाजिक अध्ययन विषयका पाठ्यपुस्तकहरूको परिमार्जन तथा पुनर्लेखनका क्रममा बीमा शिक्षा सम्बन्धी विषयवस्तु समावेश गर्ने सम्बन्धमा छलफल गरी ठोस निष्कर्ष निकाल्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका अध्यक्ष जनक राज शर्माले विद्यालय तहदेखि नै पाठ्यपुस्तकमा बीमाको आवश्यकता र महत्व सम्बन्धी विषयवस्तु समावेश गरी बीमालाई मानव जीवनको अभिन्न अङ्गका रूपमा विकास गर्नु आवश्यक रहेको बताउनुभयो ।

अध्यक्ष शर्माले भन्नुभयो, "बीमाका बारेमा सानैदेखि जागरूक गराउनु आवश्यक छ, मानव जीवन र सम्पत्तिको वित्तीय सुरक्षण बीमाले गर्छ, बीमा मार्फत जीवनलाई सहजरूपमा अगाडि बढाउन सकिन्छ भन्ने जानकारी हुनु आवश्यक छ, यसो भएमा बीमाको दायरा बढ्छ, लागत घट्छ, जोखिम न्यूनीकरण हुन्छ र समग्रमा मुलुकको आर्थिक विकासमा टेवा पुग्छ ।"

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, पाठ्यक्रम विकास केन्द्रका महानिर्देशक युवराज पौडेलले विद्यालय तहको अध्ययनका क्रममा विद्यार्थीहरूले बीमाका बारेमा बुझ्न सकून र अध्ययन पश्चात् अरूलाई पनि बीमाका बारेमा बुझाउन सकून भन्ने उद्देश्यले पाठ्यपुस्तकमा कहीं न कहीं बीमाका विषयवस्तु समावेश रहेको बताउनुभयो । महानिर्देशक पौडेलले पाठ्यक्रम विकास केन्द्रले विद्यालय तहको पाठ्यक्रम परिमार्जन गर्न लागेको सन्दर्भमा बीमा शिक्षा सम्बन्धी विषयवस्तुलाई सन्तुलित रूपमा समावेश गरिने उल्लेख गर्नुहुँदै परिमार्जित पाठ्यक्रम सबै प्रक्रिया पूरा गरी आगामी २०८४ सालको शैक्षिकसत्रदेखि देशव्यापीरूपमा लागू हुने जानकारी दिनुभयो ।

त्रिभुवन विश्वविद्यालय, पाठ्यक्रम विकास केन्द्रका कार्यकारी निर्देशक एवम् सामाजिक अध्ययन विषय समितिका अध्यक्ष प्रा.डा. राम कृष्ण तिवारीले सामाजिक अध्ययन विषयका पाठ्यपुस्तक लेखन तथा प्रश्नपत्र



विद्यालय तहको पाठ्यपुस्तकमा बीमा शिक्षाका विषयवस्तु सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

तयारीका क्रममा बीमा सम्बन्धी विषयवस्तुलाई समेत प्रतिविम्बित गर्न सम्बन्धित पदाधिकारी, विषय विज्ञ र लेखकहरूलाई आग्रह गर्नुभयो ।

कार्यक्रममा स्वागत मन्तव्य व्यक्त गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले विद्यालय तहको सामाजिक अध्ययन विषयका प्रस्तावित पाठ्यक्रम, पाठ्यपुस्तक र शिक्षक निर्देशिकामा समावेश गर्न सकिने बीमा शिक्षा सम्बन्धी विषयवस्तु पहिचान गरी सुझाव सहित पाठ्यक्रम विकास केन्द्रलाई उपलब्ध गराउने बताउनुभयो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशिक पदम प्रसाद सोडारीले बीमा शिक्षा सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

कार्यक्रममा सामाजिक विषय अन्तर्गत कक्षा ४ देखि १२ का प्रस्तावित पाठ्यक्रममा बीमा शिक्षा सम्बन्धी सम्भावित विषयवस्तुहरूमाथि विस्तृत छलफल भएको थियो ।

कार्यक्रममा पाठ्यक्रम विकास केन्द्र, राष्ट्रिय परीक्षा बोर्ड, शैक्षिक गुणस्तर परीक्षण केन्द्र र सामाजिक अध्ययन विषय समितिका पदाधिकारीहरू, विज्ञ तथा लेखकहरू र नेपाल बीमा प्राधिकरणका पदाधिकारीहरूको सहभागिता रहेको छ ।

## बीमा सम्बन्धी समस्या परेमा उजूरी गर्न सक्ने व्यवस्था

- बीमा सम्बन्धी कुनै गुनासो भए वा समस्या परेमा नेपालको बीमा नियमनकारी निकाय 'नेपाल बीमा प्राधिकरण' मा उजूरी दिन सकिने छ ।
- बीमकले दायित्व निर्धारण नगरेमा वा गरे पनि बीमितलाई मर्का पर्ने गरी दायित्व निर्धारण गरे मा बीमितले त्यसको कारण समेत खोली नेपाल बीमा प्राधिकरणमा उजूरी गर्नु पर्दछ ।
- बीमाको दायित्व निर्धारणका सम्बन्धमा बीमक विरूद्ध बीमितले दिएका उजूरी माथि नेपाल बीमा प्राधिकरणले निर्णय गर्दछ ।
- बीमक र बीमितबीचको कुनै विवाद उत्पन्न भएमा त्यसको मध्यस्थता गर्ने कार्य पनि नेपाल बीमा प्राधिकरणले गर्दछ ।

# एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी अन्तरक्रिया

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८२ साल पुस १७ गते प्राधिकरणको केन्द्रीय कार्यालय, कुपण्डोलमा बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका प्रतिनिधिहरूसँग एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी जानकारी दिने, यस सम्बन्धी सुझावहरू सङ्कलन गर्ने र यस प्रणालीमा आवद्ध हुन बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको हो ।

कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदीले प्राधिकरणले जारी गरेको बीमकको लगानी सम्बन्धी निर्देशन, २०८२ मा बीमकले बैंक तथा वित्तीय संस्थाको मुद्दती निक्षेपमा लगानी गरेको रकम प्राधिकरणको नाममा एयरमार्क गर्नुपर्ने व्यवस्था भए बमोजिम एयरमार्क प्रणाली संचालनमा ल्याइएको जानकारी दिनुभयो ।

कार्यकारी निर्देशक सुवेदीले भन्नुभयो, "एयरमार्क प्रणालीले स्वचालित रूपमा बीमकका सही विवरण मात्र स्वीकार गर्छ, त्रुटिपूर्ण विवरणलाई अस्वीकार गर्छ र एयरमार्क प्लेटफर्म मार्फत बीमकलाई नै स्वचालित रूपमा फिर्ता पठाउने कार्य गर्छ, जसले गर्दा बैंकबाट हुने मुद्दतीको ब्लक र अनब्लक सम्बन्धी प्रक्रिया पूर्ण रूपमा स्वचालित हुन्छ ।"

कार्यकारी निर्देशक सुवेदीले एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन प्रविधिको प्रयोगले बीमकहरूका मुद्दती निक्षेपमा लगानीको एयरमार्क सम्बन्धी प्रक्रिया छिटो, छरितो र त्रुटिरहित भई बीमा नियमन तथा निरीक्षण कार्यलाई थप दक्ष तथा पारदर्शी बनाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो ।

नेपाल बीमा प्राधिकरणका निर्देशक ध्रुव तिमिल्सिनाले आगामी दिनमा एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन प्रणालीलाई अझ प्रभावकारी बनाउँदै लगिने उल्लेख गर्नुहुँदै यस प्रणालीमा आवद्ध हुन सबै बैंक तथा वित्तीय संस्थाहरूलाई आग्रह गर्नुभयो ।



नेपाल बीमा प्राधिकरणका कार्यकारी निर्देशक सुशील देव सुवेदी एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका उपनिर्देशक तथा गैह्रस्थलगत शाखाका प्रमुख राजेन्द्र महर्जनले एयरमार्कको वर्तमान अवस्था, एयरमार्क प्रणालीमा विद्यमान समस्या र सोको समाधानका लागि प्राधिकरणले गरेको सुधारका प्रयासहरू सम्बन्धमा प्रस्तुतीकरण गर्नुभएको थियो ।

यसैगरी, नेपाल बीमा प्राधिकरणका उपनिर्देशक रविन्द्र श्रेष्ठले एयरमार्क तथा ए.पी.आई. इन्टिग्रेशन गर्दा गर्नुपर्ने प्राविधिक पक्ष र सफ्टवेयर एयरमार्क प्रणाली सम्बन्धी प्रस्तुती गर्नुभएको थियो ।

नेपाल बीमा प्राधिकरणका सहायक निर्देशक गोकुल राज दहालले संचालन गर्नुभएको कार्यक्रममा विभिन्न बैंक तथा वित्तीय संस्था र बीमा कम्पनीका प्रतिनिधिहरूको सहभागिता रहेको थियो ।

एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन प्रणालीको कार्यान्वयनबाट बीमा नियमन, अनुगमन तथा निरीक्षण कार्यमा पारदर्शिता एवम् दक्षता अभिवृद्धि भई समग्र



एयरमार्क प्रणालीमा ए.पी.आई. इन्टिग्रेशन सम्बन्धी अन्तरक्रिया कार्यक्रममा सहभागीहरू ।

मा बीमकले बीमालेख अन्तर्गत दाबी भुक्तानी गर्दा अनिवार्य रूपमा बीमालेखका शर्त वा प्रचलित कानून बमोजिम भुक्तानी पाउने व्यक्तिको बैंक वा वित्तीय संस्थामा रहेको खातामा जम्मा हुने गरी भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको र नेपाल सरकारले सार्वजनिक निकायबाट

बीमा क्षेत्रको विश्वासनीयता थप मजबूत हुने अपेक्षा गरिएको छ ।

नेपाल बीमा प्राधिकरणले यही २०८२ साल माघ १ गतेदेखि सबै प्रकारका भुक्तानीहरू अनिवार्य रूपमा विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउन सबै बीमा कम्पनीहरूलाई निर्देशन दिएको छ ।

प्राधिकरणले जीवन बीमा कम्पनी, निर्जीवन बीमा कम्पनी, लघुबीमा कम्पनी, पुनर्बीमा कम्पनी र बीमा दलालहरूलाई आगामी माघ १ गतेदेखि सबै प्रकारका भुक्तानीहरू सम्बन्धित व्यक्ति वा संस्थाका बैंक खातामा अनिवार्य रूपमा विद्युतीय प्रणाली मार्फत गर्ने व्यवस्था मिलाउन यही पुस २२ गते निर्देशन दिएको छ ।

सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी निर्देशन, २०८२

हुने सबै प्रकारका भुक्तानी बैंकिङ प्रणाली मार्फत डिजिटल माध्यमबाट गर्नुपर्ने व्यवस्था कार्यान्वयनमा ल्याइसकेको सन्दर्भमा प्राधिकरणले त्यस्तो निर्देशन दिएको हो ।

यसअघि, प्राधिकरणले बीमा कमपनीका स्थायी, अस्थायी, करार वा ज्यालादारी वा अन्य कुनै पनि प्रकारका कर्मचारी तथा श्रमिकहरूलाई दिइने पारिश्रमिक वा ज्याला बापतको भुक्तानी अनिवार्य रूपमा बैंक वा वित्तीय संस्था मार्फत सम्बन्धित कर्मचारी तथा श्रमिकको बैंक खातामा भुक्तानी गर्ने व्यवस्था गर्न बीमा कम्पनीहरूलाई निर्देशन दिएको थियो ।

## बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण सम्बन्धी निर्देशन

नेपाल बीमा प्राधिकरणले बीमा अभिकर्ताको इजाजतपत्र नवीकरण गर्ने सम्बन्धमा निर्देशन जारी गरी सोही बमोजिम गर्न गराउन गर्न सबै बीमकहरूलाई निर्देशन दिएको छ ।

जसअनुसार, जीवन बीमा अभिकर्ताले इजाजतपत्र नवीकरण गर्नका लागि एकवटा बीमालेखमा नघट्ने गरी कम्तीमा एक प्रतिशत बीमालेख नवीकरण भएको प्रमाण पेश गर्नुपर्ने र IRMIS प्रणालीमा बीमा अभिकर्ताको व्यक्तिगत विवरण (KYC) स्पष्ट र बुझिने कागजात अपलोड गरी अद्यावधिक गर्नुपर्ने व्यवस्था गरिएको छ ।

यसैगरी, बीमा अभिकर्ताको इजाजतपत्र नवीकरणका लागि नवीकरण दस्तूर रू. १,०००/- तथा नियमन दस्तूर रू. ५००/-गरी जम्मा रू. १,५००/- लाग्ने र इजाजतपत्रको अवधिभित्र नवीकरण गर्न नसकेका बीमा अभिकर्ताले म्याद सकिएको अवधिदेखि तीन महिनाभित्र विलम्ब शुल्क रू. १,०००/- भुक्तानी गरी निवेदन पेश गर्न सक्ने व्यवस्था गरिएको छ ।

प्राधिकरणले जारी गरेको निर्देशनमा बीमा ऐन, २०७९ बमोजिम इजाजतपत्रको म्याद सकिएको अवधिदेखि तीन महिनाभित्र इजाजतपत्र नवीकरणका लागि निवेदन पेश नगर्ने बीमा अभिकर्ताको इजाजतपत्र स्वतः खारेज हुने उल्लेख छ ।

# कुल २४ वटा बीमा कम्पनीको आ.व. २०८१/८२को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत

नेपाल बीमा प्राधिकरणले विभिन्न १३ वटा जीवन बीमा कम्पनी, ८ वटा निर्जीवन बीमा कम्पनी र ३ वटा लघु बीमा कम्पनी गरी कुल २४ वटा बीमा कम्पनीहरूको आर्थिक वर्ष २०८१/८२ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत गरेको छ ।

प्राधिकरणबाट मिति २०८२ साल पौष महिनासम्ममा आर्थिक वर्ष २०८१/८२ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएका बीमा कम्पनीहरूमध्ये १३ वटा जीवन बीमा कम्पनीतर्फ आईएमई लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, मेट लाइफ (Alico), सिटिजन लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सन नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सानिमा रिलायन्स लाइफ इस्योरेन्स लिमिटेड, नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, नेशनल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सूर्यज्योति लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, रिलायवल नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, प्रभु महालक्ष्मी लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, एलआईसी (नेपाल) लिमिटेड, हिमालयन लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र एशियन लाइफ इस्योरेन्स कम्पनी लिमिटेड रहेका छन् ।

यसैगरी, निर्जीवन बीमा तर्फ ८ वटा बीमा कम्पनीहरूको वीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएको छ । आर्थिक वर्ष २०८१/८२ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन स्वीकृत भएका बीमा कम्पनीहरू अन्तर्गत आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड, एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड, हिमालयन एभरेष्ट इन्स्योरेन्स कम्पनी लिमिटेड र नेको इन्सुरेन्स रहेका छन् ।

त्यस्तै, लघुबीमातर्फ गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड र प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड को पनि आर्थिक वर्ष २०८१/८२ को बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदन प्राधिकरणबाट स्वीकृत भएको छ ।

# कुल २२ वटा बीमा कम्पनीको आ.व. २०८१/८२ को वित्तीय विवरण स्वीकृत

नेपाल बीमा प्राधिकरणले विभिन्न १२ वटा जीवन बीमा कम्पनी, ७ वटा निर्जीवन बीमा कम्पनी र ३ वटा लघु बीमा कम्पनी गरी कूल ७ वटा बीमा कम्पनीहरूको आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृत गरेको छ ।

बीमा ऐन, २०७९ मा बीमकले प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सानको विवरण तयार गरी अर्को आर्थिक वर्षको ६ महिनाभित्र तोकिएको ढाँचामा प्राधिकरणमा पेश गर्नुपर्ने व्यवस्था भए बमोजिम बीमकहरूबाट प्राप्त वित्तीय विवरण प्राधिकरणले स्वीकृत गरेको हो ।

प्राधिकरणबाट मिति २०८२ साल पौष महिनासम्ममा आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृत भएका बीमा कम्पनीहरूमध्ये १२ वटा जीवन बीमा कम्पनीतर्फ सिटिजन लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, आईएमई लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सानिमा रिलायन्स लाइफ इस्योरेन्स लिमिटेड, नेशनल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, प्रभु महालक्ष्मी लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सन नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, रिलायवल नेपाल लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, सूर्यज्योति लाइफ इस्योरेन्स कम्पनी लिमिटेड, एलआईसी (नेपाल) लिमिटेड, मेट लाइफ र हिमालयन लाइफ इस्योरेन्स कम्पनी लिमिटेड रहेका छन् ।

यसैगरी, निर्जीवन बीमातर्फ ७ वटा बीमा कम्पनीहरूको वित्तीय विवरण स्वीकृत भएको छ । आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण स्वीकृत भएका बीमा कम्पनीहरू अन्तर्गत आईजीआई प्रुडेन्सियल इन्स्योरेन्स लिमिटेड, सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड, शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड, सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड, नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड, एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड र हिमालयन एभरेष्ट

इन्स्योरेन्स कम्पनी लिमिटेड रहेका छन् । त्यसै गरी राष्ट्रिय बीमा कम्पनीको आ.व. २०७७/७८ को वित्तीय विवरण समेत स्वीकृत भएको छ ।

यस्तै, लघुबीमातर्फ गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड, प्रोटेक्टिभ माइक्रो इन्स्योरेन्स कम्पनी लिमिटेड र लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेडको पनि आर्थिक वर्ष २०८१/८२ को वित्तीय विवरण प्राधिकरणबाट स्वीकृत भएको छ ।

# प्राधिकरणबाट सरोकारवालासँग अन्तरक्रिया, अनुगमन तथा स्थलगत अवलोकन

नेपाल बीमा प्राधिकरणका बीमालेख महाशाखाका प्रमुख, लघुबीमा शाखाका प्रमुख तथा कर्मचारीहरू र बीमा उपसमितिका सदस्यहरू सहभागी टोलीले देशका विभिन्न स्थानमा सरोकारवालाहरूसँग बीमालेख सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न गरेको छ । सोही क्रममा स्थलगत अवलोकनका कार्यक्रमहरू समेत गरिएको थियो ।

ती कार्यक्रमहरूमा बीमालेखसँग सम्बन्धित विषयवस्तुहरूमा केन्द्रित रही सरोकारवालाहरूका धारणा, स्थानीय आवश्यकता र व्यावहारिक समस्याहरूका बारे मा प्रत्यक्ष रूपमा जानकारी लिइएको थियो ।

ती कार्यक्रमहरूमा बीमालेखसँग सम्बन्धित विषय वस्तुहरूमा केन्द्रित रही सरोकारवालाहरूका धारणा, स्थानीय आवश्यकता र व्यावहारिक समस्याहरूका बारेमा प्रत्यक्ष रूपमा जानकारी लिइएको थियो ।

**कोशी प्रदेश (मिति २०८२/०८/०१ देखि २०८२/०८/०४ सम्म)**

- मेचीनगर नगरपालिका (बाहुनडाँगी), झापा
- श्रीलंका टाप्पु, सुनसरी (अनुगमन तथा निरीक्षण)
- बराहक्षेत्र नगरपालिका, सुनसरी
- कोशी टाप्पु वन्यजन्तु आरक्ष (मध्यवर्ती क्षेत्र), सुनसरी
- कोशी प्रदेश सरकार (पर्यटन, वन तथा वातावरण मन्त्रालय), मोरङ
- कोशी प्रदेश सरकार (आन्तरिक मामिला तथा कानून मन्त्रालय), मोरङ

**चितवन जिल्ला (मिति २०८२ मंसिर १८ देखि २० सम्म)**

- चितवन राष्ट्रिय निकुञ्ज कार्यालय
- बघौडा मध्यवर्ती उपभोक्ता समिति
- माडी नगरपालिका, चितवन
- चितवन जिल्ला दुग्ध सहकारी संघ
- चितवन केरा उत्पादन संघ

**लुम्बिनी तथा सुदूरपश्चिम प्रदेश (मिति २०८२/०९/०१ देखि २०८२/०९/०४ सम्म)**

- बर्दिया राष्ट्रिय निकुञ्ज (ठाकुरद्वारा), बर्दिया
- नगर कार्यपालिकाको कार्यालय, सैनवार, बर्दिया
- शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज, कञ्चनपुर
- पुनर्वास नगरपालिका, कञ्चनपुर
- जनावरको जोखिमयुक्त क्षेत्रहरूमा स्थलगत अवलोकन तथा सरोकारवालाहरूसँग अन्तरक्रिया सम्पन्न गरिएको ।

उक्त कार्यक्रमहरूमा जनप्रतिनिधि, निकुञ्ज अधिकारी, उपभोक्ता समिति सदस्य तथा प्रभावित स्थानीय नागरिकहरूबाट प्राप्त समस्या, चुनौती, व्यावहारिक सुझाव तथा सम्भावनाहरूको विस्तृत छलफल गरिएको । साथै, प्राप्त सुझाव, समस्या तथा आवश्यकताहरूको व्यवस्थित विश्लेषण तथा एकीकरण गरी मस्यौदालाई अन्तिम रूप दिने कार्य भइरहेको ।

# कृषि पशुपन्छी तथा जडीबुटी सम्बन्धी बीमालेख स्वीकृती

नेपाल बीमा प्राधिकरणबाट कृषि पशुपन्छी तथा जडीबुटी बीमालाई नेपाल सरकारको निर्देशन बमोजिम प्राथमिकता प्रदान गर्दै आएको छ । सोही बमोजिम कृषि पशुपन्छी तथा जडीबुटी बीमाको विकास तथा प्रवर्द्धनका लागि विभिन्न बीमालेख स्वीकृती प्रदान गर्दै आएको छ ।

यस क्रममा एनएलजी इ.कं.लि. लाई मौसम सूचकाङ्क बीमालेख अन्तर्गत आलु खेती बीमालेख मिति २०८२।०८।२६ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ । श्री यूनाइटेड अजोड इ.कं.लि. लाई मौसम सूचकाङ्क बीमालेख अन्तर्गत बसन्ते मकै बीमालेख संचालक समितिको मिति २०८२/०९/२४ को निर्णयानुसार स्वीकृति प्रदान गरिएको छ ।

## नेपाल बीमा प्राधिकरणको केन्द्रिय कार्यालयबाट भएका प्रदेशगत गतिविधि

# बीमकका सिरहास्थित शाखा कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया



बीमकका सिरहास्थित शाखा कार्यालयका प्रमुखहरूसँगको अन्तरक्रिया कार्यक्रमका सहभागीहरू ।

नेपाल बीमा प्राधिकरणको आयोजनामा यही २०८२ साल मङ्सिर २६ गते सिरहा जिल्लाको लहानमा बीमा कम्पनीका शाखा कार्यालयका प्रमुखहरूसँग बीमा सम्बन्धी समसामयिक विषयमा छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कुन्दन सापकोटाले बीमा ऐन, नियम/निर्देशिका बमोजिम बीमा व्यवसाय गर्न बीमा कम्पनीका शाखा कार्यालयका प्रमुखहरूलाई निर्देशन दिनुभयो ।

निर्देशक सापकोटाले बीमा क्षेत्रको विकास एवम् विस्तारका लागि प्राधिकरणको प्रदेश कार्यालयसँग समन्वय गरी गाउँघरमा समेत पुगेर कार्य गर्न र कृषि तथा पशुपन्छी बीमाको विस्तारमा जोड दिन निर्देशन दिनुभयो ।

कार्यक्रममा सहभागीहरूले बीमा कम्पनीहरूले बीमा सम्बन्धी अनुसन्धान र विकासमा जोड दिनुपर्ने, कर्मचारीहरूका लागि तालिम संचालन गर्नुपर्ने, सीमा क्षेत्रमा बीमा सचेतना अभिवृद्धिका लागि होर्डिंग बोर्डहरू राख्नुपर्ने, कृषि बीमाको विस्तार एवम् प्रवर्द्धनलाई विशेष महत्व दिनुपर्ने र संस्थागत सामाजिक उत्तरदायित्व (सीएसआर) वापतको रकम सम्बन्धित प्रदेश अन्तर्गत नै खर्च गर्ने व्यवस्था गर्नुपर्ने लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा जीवन बीमा कम्पनी र निर्जीवन बीमा कम्पनीका सिरहा जिल्लास्थित शाखा कार्यालयका प्रमुखहरूको सहभागिता रहेको थियो ।

# कृषि तथा पशुपन्छी बीमा सम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयको आयोजनामा यही २०८२ साल मङ्सीर २५ गते सिरहामा कृषि तथा पशुपन्छी बीमा सम्बन्धी छलफल एवम् अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ ।

कार्यक्रममा बीमाको महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया, बीमाको दायरा विस्तारमा बीमा सचेतनाको महत्व र मधेश प्रदेशमा कृषि तथा पशुपन्छी बीमाको विद्यमान अवस्था लगायतका विषयमा छलफल भएको थियो ।

कार्यक्रममा सहभागीहरूले वास्तविक कृषकलाई बीमाका बारेमा जानकारी नै नभएको, बीमा गर्ने प्रक्रिया झन्झटयुक्त रहेको, बीमा दाबी भुक्तानीमा समस्या देखिएको, कृषि बीमा अभिकर्तामा समस्या रहेको, कृषकसम्म बीमा कम्पनीहरू नपुगेको र स्थानीय तहले बीमालाई सहयोग पुग्ने गरी कार्यक्रम तथा बजेट ल्याउनु आवश्यक रहेको लगायतका धारणा राख्नुभएको थियो ।

कार्यक्रममा नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयका प्रमुख आर्या रावलले बीमाको परिचय र महत्व, बीमा गर्ने विधि, दाबी भुक्तानी प्रक्रिया र कृषि तथा पशुपन्छी बीमाको दायरा विस्तारमा सरोकारवालाहरूको भूमिका लगायतका विषयमा प्रस्तुती गर्नुभएको थियो । कार्यक्रममा नेपाल बीमा प्राधिकरणका निर्देशक कुन्दन सापकोटा, कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्र कुमार महासेठ, कृषक, बीऊविजन तथा कृषि व्यवसायी, निर्जीवन बीमा कम्पनीका शाखा कार्यालयका प्रमुख, बीमा सर्भेयर र कृषि बीमा अभिकर्ता लगायतको सहभागिता रहेको थियो ।

## नेपाल बीमा प्राधिकरणको कर्मचारी तालिम तथा विकासमा जोड

नेपाल बीमा प्राधिकरणले कर्मचारीको क्षमता विकास तथा सीप वृद्धिमा जोड दिएको छ । प्राधिकरणले सँस्थाका कर्मचारीलाई विभिन्न समयमा स्वदेश तथा विदेश तालिम प्रदान गरी क्षमता विकासमा अभिवृद्धि गर्ने गर्दछ । सोही क्रममा वैदेशिक तालिम अन्तर्गत भारतको इन्स्योरेन्स इन्स्टिच्युट अफ इण्डियामा 'Comprehensive Technical Training Programme in General Insuarnce for Nepal Insuarnce Authority' शिर्षकमा प्राधिकरणका एघार (११) जना कर्मचारीहरूलाई तालिम प्रदान गरेको छ । उक्त तालिम २२ डिसेम्बर २०२५ देखि ८ जनवरी २०२६ सम्म सञ्चालन भएको थियो ।

त्यसैगरी प्राधिकरणले इन्स्योरेन्स इन्स्टिच्युट अफ नेपालमा २५ जना सहायक निर्देशक एवम् सहायक प्रथम तहका कर्मचारीहरूलाई 'Advanced MS Word for professional Excellence' विषयक तालिम प्रदान गरेको छ । सो तालिम २०८२/०८/२१ देखि २६ सम्म सञ्चालन भएको थियो ।

# कोशी प्रदेश कार्यालय

## कोशी प्रदेश सरकारसँग अन्तरक्रिया



नेपाल बीमा प्राधिकरण, कोशी प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकार तर्फ धनकुटा, भोजपुर, झापा र मोरङ जिल्लाका चार वटा पालिकामा, विद्यालयतर्फ सुनसरी, झापा र मोरङ र गोरखा जिल्लाका चार वटा विद्यालय तथा क्याम्पसमा र अन्य अन्तरक्रिया तथा छलफलतर्फ घरेलु तथा साना उद्योग कार्यालय, संखुवासभासँग सम्पन्न भएको छ ।

| क्र.सं | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| १. | २०८२/०८/०९ | श्री शहिदभूमी गाउँपालिका, धनकुटासँग छलफल तथा अन्तरक्रिया । |
| २. | २०८२/०८/११ | श्री षडानन्द नगरपालिका, भोजपुरसँग छलफल तथा अन्तरक्रिया । |
| ३. | २०८२/०९/०३ | श्री कटहरी गाउँपालिका, मोरङ्सँग छलफल तथा अन्तरक्रिया । |
| ४. | २०८२/०९/०८ | श्री शिवसताक्षी नगरपालिका, भोजपुरसँग छलफल तथा अन्तरक्रिया । |
| ५. | २०८२/०८/२६ | श्री सिर्जना ज्ञानकुञ्ज माध्यमिक विद्यालय, विराटनगर, मोरङसँग छलफल तथा अन्तरक्रिया । |
| ७. | २०८२/०९/०७ | श्री कञ्चनजङ्गा अङ्ग्रेजी उच्च माध्यमिक विद्यालय, बिर्तामोड, झापासँग छलफल तथा अन्तरक्रिया । |
| ८. | २०८२/०९/०८ | श्री देवी माध्यमिक विद्यालय, बिर्तामोड, झापासँग छलफल तथा अन्तरक्रिया । |
| ९. | २०८२/०९/१७ | श्री इन्जिनियरिङ अध्ययन संस्थान पूर्वाञ्चल क्याम्पस, धरान, सुनसरी छलफल तथा अन्तरक्रिया । |
| १०. | २०८२/०८/१२ | श्री घरेलु तथा साना उद्योग कार्यालय, संखुवासभासँग छलफल तथा अन्तरक्रिया । |

# मधेश प्रदेश कार्यालय

## बीमा सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, मधेश प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकार तर्फ धनुषा र पर्सा जिल्लाका तीन वटा पालिकामा र विद्यालय तर्फ बारा र धनुषा जिल्लाका तीन वटा विद्यालयसँग सम्पन्न भएको छ ।

| क्र.सं | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| १. | २०८२/०९/०३ | श्री मुखियापट्टी मुसहरनिया गाउँपालिका, धनुषासँग छलफल तथा अन्तरक्रिया । |
| २. | २०८२/०९/०४ | श्री औरही गाउँपालिका, धनुषासँग छलफल तथा अन्तरक्रिया । |
| ३. | २०८२/०९/२८ | श्री धोबीनी गाउँपालिका, पर्सासँग छलफल तथा अन्तरक्रिया । |
| ४. | २०८२/०९/०२ | श्री ३ चन्द्र उच्च माध्यामिक विद्यालय, बारासँग छलफल तथा अन्तरक्रिया । |
| ५. | २०८२/०९/०२ | श्री राम चरित्र उच्च माध्यामिक विद्यालय, बारासँग छलफल तथा अन्तरक्रिया । |
| ६. | २०८२/०९/०३ | श्री वैद्यनाथ देवनारायण जनता नमुना माध्यामिक विद्यालयसँग छलफल तथा अन्तरक्रिया । |

# गण्डकी प्रदेश कार्यालय

## बीमा सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकार तर्फ लमजुङ र गोरखा जिल्लाका दुई वटा पालिकामा, विद्यालय तर्फ लमजुङ र गोरखा जिल्लाका २ वटा विद्यालयमा र अन्य अन्तरक्रिया तथा छलफलतर्फ बैंक तथा वित्तीय संस्थासँग र पत्रकार महासंघ, कास्कीसँग सम्पन्न भएको छ । गण्डकी प्रदेश कार्यालयले ८ औं पर्वत महोत्सवमा बीमा सम्बन्धी जानकारीमूलक प्रदर्शनी कार्यक्रममा सहभागी भएको छ ।




विवरण: कार्यक्रमका प्रमुख अतिथी बारपाक सुलिकोटका अध्यक्ष बिष्णु प्रसाद भट्टलाई मायाको चिनो प्रदान गर्दै नेपाल बीमा प्राधिकरण गण्डकी प्रदेश प्रमुख शम्भु प्रसाद मिश्रज्यू ।

| क्र.सं | मिति | कार्यक्रमको नाम |
|---|---|---|
| १. | २०८२/०८/०५ | बैंक तथा वित्तीय संस्थासँग छलफल तथा अन्तरक्रिया । |
| २. | २०८२/०८/१९ | बेसीशहर नगरपालिकासँग छलफल तथा अन्तरक्रिया । |
| ३. | २०८२/०८/२१ | वीर भक्ती माध्यमिक विद्यालय, लमजुङसँग छलफल तथा अन्तरक्रिया । |
| ४. | २०८२/०८/२३ | नेपाल पत्रकार महासंघ कास्कीसँग छलफल तथा अन्तरक्रिया । |
| ५. | २०८२/०९/०९ देखि २०८२/०९/१९ सम्म | ८औं पर्वत महोत्सवमा बीमा सम्बन्धि जनचेतनामूलक प्रदर्शनी । |
| ७. | २०८२/०९/२२ | पालुङटार नगरपालिकामा बीमा सम्बन्धि छलफल तथा अन्तरक्रिया । |
| ८. | २०८२/०९/२३ | बारपाक बहु- प्राविधिक शिक्षालयसँग बीमा सम्बन्धि छलफल तथा अन्तरक्रिया । |

## गैर स्थलगत निरीक्षण

गण्डकी प्रदेश कार्यालयले प्रदेशमा अवस्थित सम्पूर्ण बीमकको आ.व २०८१/०८२ को वार्षिक प्रगति प्रतिवेदनको निरीक्षण गरी कैफियत सुधारको निर्देशन दिएको छ ।

## बीमा उजुरी तथा गुनासो

नेपाल बीमा प्राधिकरण, गण्डकी प्रदेश कार्यालयमा गत मंसिर र पौष महिनामा तीन (३) वटा बीमा उजुरी तथा गुनासो प्राप्त भएको छ । सो उजुरी उपर अध्ययन तथा छलफल कार्य भईरहेको छ ।

# लुम्बिनी प्रदेश कार्यालय

## बीमा सम्बन्धी सरोकारवालाहरूसँग अन्तरक्रिया

नेपाल बीमा प्राधिकरण, लुम्बिनी प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकार तर्फ बर्दिया, दाङ र प्यूठान जिल्लाका पाँच वटा पालिकामा, विद्यालय तर्फ बाँके, दाङ र प्यूठान जिल्लाका ३ वटा विद्यालयमा र अन्य अन्तरक्रिया तथा छलफलतर्फ दुई जिल्लाका आर्थिक पत्रकारसँग सम्पन्न भएको छ । लुम्बिनी प्रदेश कार्यालयले सम्पत्ति शुद्धिकरण तथा आतङ्कवाद कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रशिक्षण कार्यक्रम समेत सम्पन्न गरेको छ ।

| क्र.सं | मिति | कार्यक्रमको विवरण |
|---|---|---|
| १. | २०८२/०८/११ | आर्थिक पत्रकार, बाँकेसँग छलफल तथा अन्तरक्रिया |
| २. | २०८२/०८/१२ | बढैयाताल गाउँपालिका, बर्दियासँग छलफल तथा अन्तरक्रिया |
| ३. | २०८२/०८/१५ | श्री ज्ञानोदय नमुना माध्यमिक विद्यालय, बाँकेसँग छलफल तथा अन्तरक्रिया |
| ४. | २०८२/०९/०६ | सम्पत्ति शुद्धिकरण तथा आताङ्वाद कार्यमा वित्तीय लगानी निवारण सम्बन्धी प्रशिक्षण कार्यक्रम |
| ५. | २०८२/०९/१२ | आर्थिक पत्रकारसँग, दाङसँग छलफल तथा अन्तरक्रिया |
| ६. | २०८२/०९/१३ | गढवा गाउँपालिका, दाङसँग छलफल तथा अन्तरक्रिया |
| ७. | २०८२/०९/१३ | श्री जनता माध्यमिक विद्यालय, दाङसँग छलफल तथा अन्तरक्रिया |
| ८. | २०८२/०९/१४ | लमही नगरपालिका, दाङसँग छलफल तथा अन्तरक्रिया |
| ९. | २०८२/०९/२८ | झिमरुक गाउँपालिका, प्यूठानसँग छलफल तथा अन्तरक्रिया |
| १०. | २०८२/०९/२९ | गौमुखी गाँउपालिका, प्यूठानसँग छलफल तथा अन्तरक्रिया |
| ११. | २०८२/०९/३० | श्री गौमुखी माध्यमिक विद्यालय, प्यूठानसँग छलफल तथा अन्तरक्रिया |



विवरणःअन्तरक्रिया कार्यक्रमको सामुहिक तस्बिर ।

# कर्णाली प्रदेश कार्यालय

## स्थानीय तहसँग बीमा सम्बन्धी अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, कर्णाली प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकार तर्फ रूकुम पश्चिम र हुम्ला जिल्लाका दुई वटा पालिकामा, विद्यालय तथा क्याम्पसतर्फ रूकुम पश्चिम, सल्यान र हुम्ला जिल्लाका ३ वटा विद्यालयमा र अन्य अन्तरक्रिया तथा छलफलतर्फ रूकुम पश्चिम, सल्यान र हुम्ला जिल्लाका महिला तथा आमा समूह, जिल्ला समन्वय समिति लगायतका सरोकारवालाहरूसँग सम्पन्न भएको छ ।

| क्र.सं | मिति | कार्यक्रमको विवरण |
|---|---|---|
| १. | २०८२/०८/०४ | श्री मुसिकोट खलङ्गा बहुमुखी क्याम्पसमा रूकुम पश्चिमसँग छलफल तथा अन्तरक्रिया |
| २. | २०८२/०८/०१ | श्री लालीगुराँस स्वास्थ्य आमा समूह, रूकुम पश्चिमसँग छलफल तथा अन्तरक्रिया |
| ३. | २०८२/०८/०२ | श्री रूकुम पश्चिमका बीमा मध्यस्थकर्ताहरूसँग छलफल तथा अन्तरक्रिया |
| ४. | २०८२/०८/१२ | श्री खर्पूनाथ गाउँपालिका, हुम्लासँग छलफल तथा अन्तरक्रिया |
| ५. | २०८२/०८/१३ | श्री सिमकोट गाउँपालिकाका महिला समूह, हुम्लासँग छलफल तथा अन्तरक्रिया |
| ६. | २०८२/०८/१४ | श्री मानसरोवर नमुना माध्यामिक विद्यालय, हुम्लामासँग छलफल तथा अन्तरक्रिया |
| ७. | २०८२/०९/२४ | श्री त्रिभुवन जन माध्यामिक विद्यालय, शारदा नगरपालिका, सल्यानसँग छलफल तथा अन्तरक्रिया |
| ८. | २०८२/०९/२४ | सल्यान जिल्लामा "कृषि, पशुपन्छी तथा जडिबुटी बीमा सम्बन्धी छलफल तथा अन्तरक्रिया" |
| ९. | २०८२/०९/२५ | सल्यान जिल्लामा विपद वित्तीय व्यवस्थापन सम्बन्धी छलफल तथा अन्तरक्रिया |

# सुदूरपश्चिम प्रदेश कार्यालय

## बीमकका प्रदेश कार्यालयका प्रमुखहरूसँग अन्तरक्रिया




नेपाल बीमा प्राधिकरण, सुदुर पश्चिम प्रदेश कार्यालयले गत मंसिर र पौष महिनामा स्थानीय सरकारतर्फ दार्चुला, र बझाङ जिल्लाका पाँच वटा पालिकामा, विद्यालय तथा क्याम्पसतर्फ बझाङ, र कैलाली जिल्लाका दुई वटा विद्यालयमा र अन्य अन्तरक्रिया तथा छलफलतर्फ कैलाली जिल्लाका महिला तथा आमा समूह र जिल्ला समन्वय समिति लगायतका सरोकारवालाहरूसँग सम्पन्न भएको छ । त्यसैगरी सुदूरपश्चिम महोत्सवमा बीमा सम्बन्धी जानकारीमूलक प्रलर्शनी कार्यक्रममा सहभागिता जनाएको छ ।

| क्र.सं | मिति | कार्यक्रमको विवरण |
|---|---|---|
| १. | २०८२/०८/०४ | श्री नौगाड गाँउपालिका, दार्चुलासँग छलफल तथा अन्तरक्रिया |
| २. | २०८२/०८/०५ | श्री मार्मा गाँउपालिका, दार्चुलासँग छलफल तथा अन्तरक्रिया |
| ३. | २०८२/०८/०७ | श्री अपिहिमाल गाँउपालिका, दार्चुलासँग छलफल तथा अन्तरक्रिया |
| ४. | २०८२/०८/११ | श्री छबिसपाथिभेरा गाउँपालिका, बझाङ्गसँग छलफल तथा अन्तरक्रिया |
| ५. | २०८२/०८/१२ | श्री थलारा गाउँपालिका, बझाङ्गमासँग छलफल तथा अन्तरक्रिया |
| ६. | २०८२/०८/१४ | श्री जनप्रिय नमुना माध्यामिक विद्यालय, बझाङसँग छलफल तथा अन्तरक्रिया |
| ७. | २०८२/०९/०२ | श्री सरस्वती माध्यामिक विद्यालय, कैलालीसँग छलफल तथा अन्तरक्रिया |
| ८. | २०८२/०९/११ | श्री कालिका महिला कृषि समूह, धनगढी कैलालीसँग छलफल तथा अन्तरक्रिया |
| ९. | २०८२/०९/२३ | श्री जिल्ला समन्वय समिति, कैलालीसँग छलफल तथा अन्तरक्रिया |
| १०. | २०८२/०८/२२ देखि २०८२/०९/०६ सम्म | सुदूरपश्चिम महोत्सवमा बीमा सम्बन्धि जनचेतनामूलक प्रदर्शनी । |